**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति - २०६३ माघ १४**

---

## तराईमा स्थिरता, संवाद र मानवअधिकारको पूर्ण सम्मानका लागि उच्चायुक्तको कार्यालय, नेपालद्वारा आह्वान

उच्चायुक्तको कार्यालय, नेपाल तराईमा बढिरहेको तनाव र हिंसाका बारेमा अत्यन्त चिन्तित छ। पुष महिनाको मध्यतिर नेपालगञ्जमा हिंसा सल्किएयता कम्तीमा सात जना - तीमध्ये ६ जनाले गत हप्ता - ले आफ्ना जीवन गुमाएका छन् र कतिपय प्रहरीलगायत दर्जनौं व्यक्ति घाइते भएका छन्। उच्चायुक्तको कार्यालय, नेपाल हालका तनाव तथा संवादको अभावले मानवअधिकारलाई गम्भीर खतरा खडा गरेको विश्वास गर्दछ। यसले स्थिरता र संयमका लागि तथा मूलभूत मुद्दाहरूलाई सम्बोधन गर्न जरुरी आवश्यकताको रूपमा संवाद थाल्न सबै पक्षलाई आह्वान गर्दछ।

आज विशेष रूपले तनाव बढेका लहान र जनकपुरमा उच्चायुक्तको कार्यालय, नेपालका हाल घुम्ती अनुगमन टोलीहरू छन्। प्रदर्शनकारीहरूद्वारा विरोधका शान्तिपूर्ण माध्यममात्र प्रयोग गरिने र प्रहरीद्वारा प्रयोग गरिने कुनै पनि बल खतराको स्तरसँग समानुपातिक होस् भन्ने कुराको आश्वासन लिन सो टोलीहरू विरोधका आयोजक, राज्यका अधिकारी तथा प्रहरी सदस्यहरूसँग नियमित सम्पर्कमा छन्।

उच्चायुक्तको कार्यालय, नेपालले प्रदर्शन आयोजकहरू, तथा प्रदर्शनमा लाग्ने सबै पक्ष र जनतालाई संयम अपनाउन आह्वान गर्दछ। यसले एम्बुलेन्स र स्वास्थ्यकर्मीको अवरोध गर्ने कार्य रोक्न र रेडक्रस तथा अन्य स्वास्थ्यकर्मीलगायत सबै मानवअधिकार अनुगमनकर्ता र रक्षकहरूको सम्मानका लागि आह्वान गर्दछ।

स्थिरता ल्याउन शान्ति सुरक्षा पुनर्स्थापना गर्नु अत्यावश्यक हुन्छ र यो मानवअधिकारको पूर्ण सम्मानका साथ गरिनुपर्दछ। प्रहरीले धेरै कठिन परिस्थितिको सामना गरेको कुरा उच्चायुक्तको कार्यालय, नेपालले बुझ्दछ तर आफ्नो कर्तव्य पालनमा न्युनतम आवश्यक बल प्रयोग गरेर मात्र शान्ति सुरक्षा कायम राख्ने आफ्नो दायित्व पूरा गर्न प्रहरीलाई आह्वान गर्दछ। विशेषगरी, प्रदर्शनको क्रममा प्रहरी कार्य गर्दा जीवनलाई धेरै गम्भीर खतरा नभएसम्म जीवित गोली प्रयोग गरिनु हुँदैन र गरे पनि अन्य सबै उपायको प्रयोग गरेपछि मात्र।

जिम्मेवारहरूको निश्चय गर्न भएका सबै हत्या र घाइतेका सम्बन्धमा तत्काल र विश्वासिलो छानबिन हुनुपर्दछ भन्ने उच्चायुक्तको कार्यालय, नेपालको विश्वास छ। गत हप्ता लहानमा भएका हत्याका सम्बन्धमा सरकारद्वारा उच्चस्तरीय छानबिन समिति स्थापित गरिएको भनिएको छ, तर यसले अझै सो क्षेत्रको भ्रमण गर्न बाँकी रहेको कुरालाई ध्यानमा राखेको छ। सुरक्षाफौज, नेकपा-माओवादीका कार्यकर्ता वा प्रदर्शनकारीहरू जोबाट भएको भए पनि हिंसाका लागि जिम्मेवारहरूलाई कानुनअनुसार पूर्ण रूपले जवाफदेही बनाइनु पनि अत्यावश्यक छ। उल्लङ्घन गरेको पाएमा आफ्ना सुरक्षाफौजलाई प्रत्यक्ष रूपले जवाफदेही बनाइनु राज्यको विशेष उत्तरदायित्व हुन्छ।

तनावलाई कम गर्न तथा जटिल र महत्वपूर्ण मुद्दाहरूको शान्तिपूर्ण समाधानको उपाय पत्ता लगाउन र त्यसरी हिंसाको अन्त्य र मानवअधिकार संरक्षणको प्रत्याभूति गर्न, उच्चायुक्तको कार्यालय, नेपाल सरकार, सामुदायिक र राजनीतिक नेताहरूले स्थानीय तथा राष्ट्रिय स्तरमा संवाद थाल्न अत्यावश्यक भएको ठान्दछ। विशेषतः,

उच्चायुक्तको कार्यालय, नेपाल राष्ट्रिय राजनीतिक नेताहरूले आफू तराईका मधेशी समुदायका सरोकारहरूलाई सम्बोधन गर्न खोजिरहेको स्पष्ट सङ्केत दिन जरुरी आवश्यकताको रूपमा कार्य गर्न उनीहरूलाई आग्रह गर्दछ।

> "हामी तराईका समुदायहरूमा तनाव र हिंसा चिन्ताजनक रूपले बढिरहेको देखिरहेका छौं। हामीले मृत्यु र घाइते भएको देखिसकेका छौं, जसमध्ये केही प्रहरीबाट भएका छन्। सम्बन्धित सबैद्वारा संवादलगायत प्रभावकारी कार्य नगरिएसम्म, स्थानीयस्तरमा न प्रदर्शन आयोजकहरू न प्रहरी हिंसा हुन नदिन र मानवअधिकारको संरक्षणको प्रत्याभूति गर्न सक्नेछन भन्ने उच्चायुक्तको कार्यालय, नेपाललाई डर छ र यसबाट गम्भीर परिणाम आउन सक्छन्। राजनीतिक नेताहरूले संवाद गर्न सुझाव दिए पनि र सामुदायिक नेताहरूद्वारा सर्तात्मक स्वीकृति भए पनि, स्थिरताको पुनर्स्थापना तथा हिंसाको अन्त्य गर्न थप ढिलाई नगरिकन सबै पक्ष मिल्नु अत्यावश्यक छ," संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तका नेपालस्थित प्रतिनिधि लेना सुन्धले भन्नुभयो।